आज मिति २०७८ साल जेठ ३० गते कपिलवस्तु जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री चक्र पाणी पाण्डेज्यूको अध्यक्षतामा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारको निर्णय गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| प्र.जि.अ. | श्री चक्र पाणी पाण्डे |
| जि.स.अ. | श्री भूमिराम पोखरेल |
| प्र.से. | श्री तुरेन्द्र आङदम्बे |
| प्र.उ. | श्री नवराज अधिकारी |
| स.प्र.उ. | श्री ध्रुव बहादुर कार्की |
| उप.अ.नि. | श्री योगेन्द्र के.सी. |
| मे.सु. | डा. श्री किशोर बन्जाडे |

आमन्त्रित :

जि.स.स.प्रमुख श्री नारायण खनाल, जिल्ला समन्वय समिति, कपिलवस्तु ।

प्रमुख श्री किरण सिंह, कपिलवस्तु नगरपालिका, कपिलवस्तु ।

प्रमुख श्री मंगल प्रसाद थारु, बाणगंगा नगरपालिका, कपिलवस्तु ।

प्रमुख श्री नेत्र राज अधिकारी, शिवराज नगरपालिका, कपिलवस्तु ।

प्रमुख श्री अब्दुल कलाम खाँ , महाराजगंज नगरपालिका, कपिलवस्तु ।

प्रमुख श्री केशव कुमार श्रेष्ठ , बुद्धभूमि नगरपालिका, कपिलवस्तु ।

प्रमुख श्री रजत प्रताप शाह , कृष्णनगर नगरपालिका, कपिलवस्तु ।

अध्यक्ष श्री बजरंगी प्रसाद कुर्मी, मायादेवी गाउँपालिका, कपिलवस्तु ।

अध्यक्ष श्री निसार अहमद खाँ, शुद्धोधन गाउँपालिका, कपिलवस्तु ।

अध्यक्ष श्री गिरिजेस कुमार पाण्डेय , यशोधरा गाउँपालिका, कपिलवस्तु ।

अध्यक्ष श्री गोपाल बहादुर थापा, विजयनगर गाउँपालिका, कपिलवस्तु ।

स.प्र.जि.अ. श्री गणेश नेपाली, जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु ।

कार्यालय प्रमुख श्री हेमराज पाण्डे, स्वास्थ्य कार्यालय, कपिलवस्तु ।

प्रशासकीय अधिकृत श्री अशोक विष्ट , जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु ।

अध्यक्ष श्री किरणमान बज्राचार्य, नेपाल पत्रकार महासंघ, कपिलवस्तु ।

अध्यक्ष श्री गयाद्दिन कुर्मी, उद्योग वाणिज्य संघ, तौलिहवा ।

फोकल पर्सन श्री उमेश घिमिरे, स्वास्थ्य कार्यालय, कपिलवस्तु ।

निर्णयहरु:-

१. यस अगाडि बसेका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे समीक्षा गरियो । कोभिड- १९ को नयाँ भेरियन्ट पछि यस जिल्लामा मिति २०७८।०२।३० गते सम्म एन्टीजेन (३९०७) तथा PCR (३७६२) टेष्ट गरी जम्मा ७६६९ जनालाई गरिएको र हाल सम्म ३२४३ जम्मा संक्रमित पाइएकोमा २८४६ निको भएको, १६१ मृत्यु भएको र अहिले २३६ जना संक्रमित रहेको देखिन्छ । त्यसै गरी यस जिल्ला भित्रका स्थानीय तहमा देहाय बमोजिम Antigen/PCR टेष्ट गरेको देखिन्छ ।

| क्र.सं. | स्थानीय तह | एन्टीजेन टेष्ट संख्या | PCR टेष्ट संख्या | संक्रमित संख्या |
|---|---|---|---|---|
| १ | कपिलवस्तु अस्पताल र नगरपालिका | २६९ | १८८४ | ७४६ |
| २ | बाणगंगा नगरपालिका | २३४ | ९९३ | ५०८ |
| ३ | बुद्धभूमि नगरपालिका | ४१० | ४४४ | १९१ |
| ४ | शिवराज नगरपालिका | १२०१ | ६१३ | २१८ |
| ५ | कृष्णनगर नगरपालिका | ४४६ | - | ११ |
| ६ | महाराजगंज नगरपालिका | १३० | - | २३ |
| ७ | यशोधरा गाउँपालिका | ५४३ | - | ५० |
| ८ | मायादेवी गाउँपालिका | २११ | १५० | ८७ |
| ९ | शुद्धोधन गाउँपालिका | १६७ | - | १५ |
| १० | विजयनगर गाउँपालिका | २८७ | - | ३७ |
| ११ | कृष्णनगर नाका | ६०७ | - | ६३ |

माथि देखिएको विवरण अनुसार केही स्थानीय तहमा टेष्ट नदेखिएकोले वडा कार्यालयहरु तथा स्वास्थ्य संस्था /स्वास्थ्य स्वयंमसेविका,शिक्षक, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु मार्फत व्यापक रुपमा टेष्टको दायरा बढाउन अनुरोध गर्ने ।

२. कोभिड - १९ संक्रमणको लक्षण देखिएका व्यक्तिहरुलाई समयमै उपचार गरेमा निको हुने दर बढी हुनाले सो बारेमा जानकारी गराउन र नजिकको स्वास्थ्य संस्था वा वडा कार्यालयमा सम्पर्क गरी एन्टीजेन वा पि.सी.आर. टेस्ट गर्न अनुरोध गर्ने ।

३. यस जिल्लामा जारी भएको निषेधाज्ञाको अवधि मिति २०७८।०२।३१ गते राती १२:०० बजे सकिने र कोभिड - १९ सक्रिय संक्रमणको अवस्थामा कमी आइरहेको भएतापनि संक्रमण जोखिम कायमै रहेकोले केही आर्थिक तथा व्यवसायिक क्रियाकलाप खुकुलो बनाउने गरी मिति २०७८।०३।०७ गते सोमबार राती १२:०० बजे सम्म निषेधाज्ञा थप गर्न सिफारिस गर्ने ।

४. निषेधाज्ञाको पालनामा कडाई गर्न सबै स्थानीय तहहरु, नागरिक समाज, संघसंस्था, संचार माध्यमहरुले प्रचार प्रसार गर्ने ।